NSW GOVERNMENT | Health

**Facility:**

**YOUR RIGHTS AFTER A MENTAL HEALTH INQUIRY OR FOLLOWING A TRIBUNAL HEARING AFTER BREACHING A COMMUNITY TREATMENT ORDER (NEPALI)**

| FAMILY NAME | MRN |
|---|---|
| GIVEN NAME | ☐ MALE ☐ FEMALE |
| D.O.B. _______ / _______ / _______ | M.O. |
| ADDRESS | |
| | |
| LOCATION / WARD | |
| COMPLETE ALL DETAILS OR AFFIX PATIENT LABEL HERE | |

SMR025220

# MENTAL HEALTH ACT 2007

Section 77

**विवरण - मानसिक स्वास्थ्य जाँचबुझ/सोधपुछ पश्चात अथवा सामुदायिक उपचार आदेश अवज्ञा गरेर निर्णायक समितिको सुनुवाईपश्चात तपाईंको हक-अधिकारहरु**

**Select relevant options and strike through any that are not applicable.**

**तलका उचित विकल्पमा चिन्ह लाउनुहोस् र नमिल्ने विकल्पहरु काट्नुहोस्।**

☐ On ............/........./ .........you attended a mental health inquiry at:

मिति................/ .........../ ...........मा तपाईंले मा मानसिक स्वास्थ्य जाँचबुझमा भाग लिनुभयो।

..........................................................................................................................................

(Name of declared mental health facility)

(घोषित मानसिक स्वास्थ्य सेवा केन्द्रको नाम उल्लेख गर्नुहोस्)

**OR**

**अथवा**

☐ On ........../........./ .........the Mental Health Review Tribunal reviewed you after a breach of a Community Treatment Order (CTO).

मिति ............./............/ ...........मा मानसिक स्वास्थ्य समिक्षा समितिले तपाईंलाई सामुदायिक उपाचार आदेश (सीटिओ) अवज्ञा गरेपश्चात समिक्षा गर्यो।

**The Mental Health Review Tribunal (the Tribunal) ordered that:**

**मानसिक स्वास्थ्य समिक्षा समिति (निर्णायक समिति) ले निम्न आदेश दिएको छ:**

☐ You be detained as an involuntary patient for further observation and/or treatment until ......../......../.............

तपाईंलाई थप जाँचबुझ र/वा उपचारको लागि अनैच्छिक बिरामीको रुपमा मिति ......../......../............. सम्म नियन्त्रणमा राख्न ।

Note: You must be released before this date if you no longer meet requirements for detention.

ध्यान दिनुपर्ने कुरा: यदि तपाईंमाथि नियन्त्रणका लागि आवश्यक थप कुराहरु लागू हुँदैन भने तपाईंलाई अनिवार्य रूपमा यस मितिभन्दा अगाडि नै छोडिनु पर्छ।

☐ You be detained in the declared mental health facility until the end of your CTO (until ......../......../.............).

तपाईंलाई 'सीटिओ' को अन्त्यसम्म (मिति ......../......../.............सम्म) घोषित/निर्धारित मानसिक स्वास्थ्य सेवा केन्द्रमा नियन्त्रणमा राख्न ।

☐ The NSW Trustee & Guardian manage your financial affairs.

'एनएसडब्लू ट्रस्टी एण्ड गार्जियन' ले तपाईंको आर्थिक मामिलाहरूको व्यवस्थापन गर्न।

**To be completed by staff member who completed the form:**

**फारम भर्ने कर्मचारीद्वारा भरिनुपर्ने:**

Print name ...................................................................... Signature ..........................................................

पूरा नाम ...................................................................... हस्ताक्षर..........................................................

Date ................../......./. ............ Designation ............................. Facility ..........................................

मिति ...................../ ......./. ........... पद ............................. सेवा केन्द्र ..........................................

(Declared mental health facility)

(घोषित मानसिक स्वास्थ्य सेवा केन्द्रको नाम उल्लेख गर्नुहोस्)

**A copy of this form must be placed in the patient's health record.**

**यस फारमको एक प्रति बिरामीको स्वास्थ्य रेकर्डमा अनिवार्य रूपमा राखिनु पर्छ।**

Holes Punched as per AS2828.1: 2019

BINDING MARGIN - NO WRITING

NH700741A 121021

**YOUR RIGHTS AFTER A MENTAL HEALTH INQUIRY OR FOLLOWING A TRIBUNAL HEARING AFTER BREACHING A COMMUNITY TREATMENT ORDER (NEPALI)**

**SMR025.220**

| NSW GOVERNMENT Health | FAMILY NAME | MRN |
|---|---|---|
| | GIVEN NAME | ☐ MALE ☐ FEMALE |
| **Facility:** | D.O.B. ______ / ______ / ______ | M.O. |
| | ADDRESS | |
| **YOUR RIGHTS AFTER A MENTAL HEALTH INQUIRY OR FOLLOWING A TRIBUNAL HEARING AFTER BREACHING A COMMUNITY TREATMENT ORDER (NEPALI)** | | |
| | LOCATION / WARD | |
| | COMPLETE ALL DETAILS OR AFFIX PATIENT LABEL HERE | |

**घोषित/निर्धारित मानसिक स्वास्थ्य सेवा केन्द्रमा तपाईंलाई नियन्त्रणमा राखिँदा तपाईंका हक-अधिकारहरु**

यदि निर्णायक समितिले तपाईंलाई घोषित/निर्धारित मानसिक स्वास्थ्य सेवा केन्द्रमा नियन्त्रणमा राख्ने आदेश दिएमा तपाईंले गर्न सक्ने कुराहरु:

**१. उक्त सेवा केन्द्रबाट रिहाईको लागि अनुरोध**

- तपाईंले उक्त केन्द्रका चिकित्सकसँग, जो 'Authorised Medical Officer' (AMO) (अधिकारप्राप्त मेडिकल अधिकारी) हुन्, आफुलाई रिहा गराउने कुरा गर्न सक्नुहुन्छ।
- तपाईंको रेखदेखकर्ता (मनोनित रेखदेखकर्ता र/वा मुख्य रेखदेखकर्ता) ले 'AMO' सँग तपाईंको रिहाईको माग राख्न सक्छन्। तपाईंको रेखदेखकर्ताले तपाईंको रिहाईपश्चात तपाईंको रेखदेख गर्नेछन् भन्ने कुरा उनीहरुले लिखित रुपमा दिनुपर्ने हुन्छ।

**२. तपाईंलाई सेवा केन्द्रबाट रिहा नगर्ने निर्णयविरुद्ध अपील (दरखास्त) गर्न**

यदि 'AMO' द्वारा तपाईंको रिहाईको आग्रह अस्विकार हुन्छ भने अथवा निर्णय आउन तीन (३) 'वर्किङ्ग' दिनभन्दा बढी लाग्छ भने, तपाईं वा तपाईंको रेखदेखकर्ताले निर्णायक समितिमा अपील गर्न सक्नुहुन्छ।

यदि निर्णायक समितिले तपाईंको अपीललाई खारेज गर्छ भने तपाईंले सर्वोच्च अदालत (Supreme Court) मा अपील गर्न सक्नुहुन्छ (अर्को बुंदा हेर्नुहोस्)

**३. केन्द्रबाट रिहाईको लागि सर्वोच्च अदालत (Supreme Court) समक्ष आग्रह गर्न**

आफूलाई केन्द्रबाट रिहा गरिनको लागि तपाईंले सर्वोच्च अदालत (Supreme Court) मा निवेदन गर्न सक्नुहुन्छ। ल एक्सेस (Law Access) ले यसलाई कसरी गर्ने भन्ने कुरामा तपाईंलाई जानकारी दिन सक्छ।

**४. स्वैच्छिक बिरामी बन्नकालागि 'AMO' सँग सोध्न**

तपाईंलाई स्वैच्छिक बिरामी बनाउनकालागि तपाईंले 'AMO' सँग सोध्न सक्नुहुन्छ। स्वैच्छिक बिरामीको उपचार पाएर तपाईंलाई फाइदा हुन्छ भन्ने उनीहरुलाई विश्वाश भएमा मात्र यसलाई गरिनेछ।

**वित्त/अर्थ व्यवस्थापन आदेश अन्तर्गत तपाईंका हक-अधिकारहरु**

यदि निर्णायक समितिले 'एनएसडब्लू ट्रस्टी एण्ड गार्जियन' (NSW Trustee & Guardian) लाई आर्थिक व्यवस्थापन आदेश अन्तर्गत तपाईंको आर्थिक क्रियाकलापहरु व्यवस्थापन गर्न निर्धारण गर्छ भने तपाईं यी कुराहरु गर्न सक्नुहुन्छ:

- अर्थ व्यवस्थापन आदेश खारेज गराउन निर्णायक समितिमा निवेदन गर्न

अथवा

- सर्वोच्च अदालत (Supreme Court) या एनएसडब्लू नागरिक तथा प्रशासनिक निर्णायक समिति (NSW Civil and Administrative Tribunal) मा अपील गर्न

ल एक्सेस (Law Access) ले कुन चाँहि विकल्प तपाईंलाई सबैभन्दा योग्य हुने र त्यसलाई कसरी गर्ने, भन्ने जानकारी प्रदान गर्न सक्छ।

Holes Punched as per AS2828.1: 2019

BINDING MARGIN - NO WRITING

SMR025220



NO WRITING

CONTINUE OVERLEAF

# तपाईंको अपील विचाराधीन हुँदा पनि तपाईंले सबै कानुनी आदेश अनिवार्य रूपमा पालना गर्नुपर्छ।

## उपयोगी फोन नम्बरहरु

**आधिकारिक भेटकर्ता कार्यक्रम (Official Visitors Program) - १८०० २०८ २१८**

तपाईंलाई *'एनएसडब्लू मेन्टल हेल्थ याक्ट २००७'* अन्तर्गत उपचार गरिँदा आधिकारिक भेटकर्ताहरु तपाईंको हक-अधिकारको पक्षधर हुन्छन्। यदि तपाईंलाई प्रदान गरिएको मानसिक सेवाको बारेमा केहि चिन्ता/सरोकारजन्य कुराहरु छन् भने तपाईं आधिकारिक भेटकर्तासँग ती कुराहरु गर्न सक्नुहुन्छ। उनीहरुले तपाईंलाई अस्पतालमा भेट्न सक्छन् र तपाईं 'सीटिओ' (CTO) मा भएपनि सहयोग गर्न सक्छन्।

**ल एक्सेस (Law Access) - 1300 888 529**

यो सेवा कानुनी सहयोग एनएसडब्लू (Legal Aid NSW) अन्तर्गतको एक सेवा हो र यसले निःशुल्क कानुनी जानकारी, सुझाव र मानसिक-स्वास्थ्य कानुन सम्बन्धि सहयोग

**मानसिक स्वास्थ्य समीक्षा/निर्णायक समिति (Mental Health Review Tribunal) - ०२ ९८१६५९५५**

यस निर्णायक समितिले मानसिक स्वास्थ्यसम्बन्धि अनुसन्धान संचालन गर्छ, आदेश दिन्छ र आदेश पुनरावलोकन गर्छ, र मानसिक रोगी व्यक्तिहरुको उपचार र हेरचाहसम्बन्धि अपीलहरुको सुनुवाई गर्छ।

**'एनएसडब्लू ट्रस्टी एण्ड गार्जियन' (NSW Trustee & Guardian) - १३०० ३६४ १०३**

'एनएसडब्लू ट्रस्टी एण्ड गार्जियन' (NSW Trustee & Guardian) ले स्वतन्त्र निर्वाहक, प्रशासक, अधिवक्ता, र संरक्षक/ट्रस्टीको भूमिका खेल्छ। यसले आर्थिक व्यवस्थापन, र नीजि आर्थिक व्यवस्थापकहरुलाई मान्यता दिने र सुझाव दिने सेवापनि प्रदान गर्छ।